# अन्तरिम तीन वर्षिय योजना (२०६४/६५–२०६६/६७) को आधारपत्र

# समष्टिगत आर्थिक क्षेत्र

प्रस्तुतकर्ताः

डा. पोषराज पाण्डे

सदस्य, राष्ट्रिय योजना आयोग

२०६४/३/१०

# प्रस्तुतिका विषयवस्तुहरू :

- दशौं योजनाको समष्टिगत आर्थिक स्थितिको विवेचना
- समष्टिगत आर्थिक व्यवस्थापनका समस्या र चुनौतीहरू
- अन्तरिम योजनाको आर्थिक वृद्धिदरको प्रक्षेपण र स्रोत व्यवस्थापन
- अन्तरिम योजनाको समष्टिगत आर्थिक नीतिहरू

# आर्थिक वृद्धिदर (२०५८/५९ को स्थिर मूल्यमा)

(प्रतिशतमा)

| क्षेत्रहरू | २०५८/५९ | २०६३/६४* | दशौं योजनाको औषत वार्षिक वृद्धिदर | दशौं योजनाको सामान्य स्थितिको आर्थिक वृद्धिदरको लक्ष्य |
|---|---|---|---|---|
| कृषि क्षेत्र | ३.१ | ०.७ | २.७ | ४.१ |
| गैरकृषि क्षेत्र | -१.२ | ३.६ | ३.८ | ७.५ |
| आर्थिक वृद्धिदर | ०.४ | २.५ | ३.४ | ६.२ |

* प्रारम्भिक अनुमान

# कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान

(प्रतिशतमा)

| क्षेत्रहरू | २०५८/५९ | दशौं योजनाको अन्तिम वर्ष २०६३/६४ |
|---|---|---|
| कृषि | ३७.४ | ३३.१ |
| गैरकृषि | ६२.६ | ६६.९ |
| उद्योग, भूगर्भ तथा खानी | ९.० | ८.० |
| बिद्यूत, ग्यास तथा पानी | २.१ | २.० |
| निर्माण | ६.५ | ६.४ |
| वयापार, होटेल तथा रेष्टुराँ | १६.२ | १५.३ |
| यातायात तथा सञ्चार | ७.९ | ११.८ |
| वीत्त तथा घरजग्गा | ११ | ११.७ |
| सामाजिक सेवा | १० | ११.८ |

# उपभोग, बचत तथा लगानीको स्थिति: (कुल गार्हस्थ उत्पादनको प्रतिशतमा)

| विवरण | २०५८/५९ | दशौं योजनाको अन्तिम वर्ष २०६३/६४ |
|---|---|---|
| कुल उपभोग | ९०.५१ | ९०.६५ |
| कुल लगानी | २०.२५ | २५.३५* |
| कुल गार्हस्थ बचत | ९.४९ | ९.३५ |
| कुल राष्ट्रिय बचत | २४.२ | २८.५६ |

* मौज्दात परिवर्तन समेत

# सरकारी वित्त स्थिति (कुल गार्हस्थ उत्पादनको प्रतिशतमा)

| विवरण | २०५८/५९ | दशौं योजनाको अन्तिम वर्ष २०६३/६४* | दशौं योजनाको अन्तिम वर्षको लक्ष्य |
|---|---|---|---|
| राजस्व | ११.० | १२.२ | १३.५ |
| कुल खर्च | १७.४ | १९.६ | २०.३ |
| साधारण खर्च | १०.६ | ११.१ | ११.६ |
| विकास खर्च | ६.९ | ८.५ | ८.७ |
| चालु खर्च | १०.६ | १२.२ | |
| पूँजीगत खर्च (सावाँ भुक्तानी समेत) | ६.८ | ७.४ | |
| वैदेशिक सहायता | ३.१ | ४.७ | ५.९ |
| अनुदान | १.५ | २.७ | ३.६ |
| ऋण | १.७ | २.१ | २.३ |
| आन्तरिक ऋण | ३.३ | २.६ | |

* उपलब्ध आँकडाको आधारमा अनुमानित

# मौद्रिक तथा मूल्य स्थितिः (वृद्धिदर प्रतिशतमा)

| विवरण | २०५८/५९ | दशौं योजनाको अन्तिम वर्ष २०६३/६४ | दशौं योजनाको औषत अनुपात | दशौं योजनाको औषत वृद्धिदरको लक्ष्य |
|---|---|---|---|---|
| मुद्रा प्रदाय (एम्–१) को वृद्धिदर | ९.३ | १४.७ | ११.३ | ११.५ |
| मुद्रा प्रदाय (एम्–२) को वृद्धिदर | ४.४ | १६.० | ११.५ | १४.५ |
| मुद्रास्फितिको वृद्धिदर | | ८.३३ | ५.६ | ५.० |

# वैदेशिक व्यापार तथा शोधनान्तर स्थितिः कुल गार्हस्थ उत्पादनको प्रतिशतमा

| विवरण | दशौं योजनाको अन्तिम वर्ष २०६३/६४ | दशौं योजनाको प्रक्षेपण |
|---|---|---|
| वस्तु तथा सेवाको आयात | २८.४८ | २८.४५ |
| वस्तु तथा सेवाको निर्यात | १२.४८ | १५.३७ |
| व्यापार घाटा | -१६.० | -१३.०८ |
| चालु खाता (वचत) | २.३ | -५.९३ |
| शोधनान्तर स्थिति (रू. करोडमा) स्थिर मूल्यमा | १०७३.१ | - |

## समष्टिगत आर्थिक व्यवस्थापनका समस्या र चुनौतीहरू

- लगानीको वातावरण तयार गरी आर्थिक क्रियाकलापहरूलाई गतिशील वनाउदै उच्च आर्थिक वृद्धिदर हासिल गर्नु,
- कुल गार्हस्थ बचत न्यून रहनु र राष्ट्रिय बचत उच्च रहनु तर सो वचतको मूल्य अभिवृद्धि हुने लगानीमा समुचित उपयोग हुन नसक्नु,

## समष्टिगत आर्थिक व्यवस्थापनका समस्या र चुनौती ....

- विकास कार्यक्रमको लागि आन्तरिक स्रोतको कमी हुनु,
- चालु खर्चमा उच्च वृद्धि भई ऋणको भार वढ्दै जानु,
- बैंकिंङ  क्षेत्रमा रहेको उच्च तरलतालाई समुचित क्षेत्रमा लगानी गर्नु,
- वढ्दो मुद्रास्फिति वृद्धिदरलाई वाञ्छित सीमा भित्र कायम गर्नु,
- समावेशी विकास गर्दै विकासको प्रतिफल सवै क्षेत्र, समुदाय र समूहको पहुँच सुनिश्चित गर्नु

## अन्तरिम योजनाको कुल गार्हस्थ उत्पादन र क्षेत्रगत मूल्य अभिवृद्धिको प्रक्षेपण

(२०६३/६४ को स्थिर मूल्यमा)

| क्षेत्रहरू | २०६३/६४ को अनुमानित कुल गार्हस्थ उत्पादन<br>प्रतिशत अंश | २०६६/६७ को अनुमानित कुल गार्हस्थ उत्पादन<br>प्रतिशत अंश | सीमान्त पूँजी उत्पादन अनुपात | अन्तरिम योजनाको वार्षिक वृद्धिदर (%) |
|---|---|---|---|---|
| कृषि, मत्स्यपालन र वन | ३३.१ | ३१.२८ | २.८ | ३.६ |
| गैर कृषि क्षेत्र | ६६.९ | ६८.७२ | ५.४ | ६.५ |
| उद्योग तथा खानी | ८ | ८.१६ | ४.२ | ६.३ |
| विद्युत, ग्याँस तथा पानी | २ | २.०५ | १८.५ | ७.१ |
| निर्माण | ६.४ | ६.७१ | १.८ | ७.३ |
| थोक तथा खुद्रा व्यापार | १३.९ | १४.२७ | २.८ | ६.४ |
| होटेल तथा रेष्टुरेण्ट | १.४ | १.४८ | ६.५ | ७.१ |
| यातायात, भण्डारण तथा सञ्चार | ११.८ | १२.१२ | ८.५ | ६.६ |
| वित्तीय मध्यस्थता | ३.३ | ३.२७ | ५.२ | ५.५ |
| घर जग्गा, वहाल तथा व्यापारिक क्रियाकलाप | ८.५ | ८.६७ | ५.६ | ६.४ |
| सामान्य प्रशासन तथा रक्षा | १.८ | १.७२ | ३.८ | ३.८ |
| शिक्षा | ५.७ | ५.९ | ३.२ | ६.५ |
| स्वास्थ्य तथा सामाजिक कार्य | १.३ | १.३१ | ८.९ | ६.३ |
| अन्य सामुदायिक, सामाजिक र व्यक्तिगत सेवाका क्रियाकलाप | २.९ | ३.०५ | ९.३ | ७ |
| कुल मूल्य अभिवृद्धि | १०० | १०० | ४.८ | ५.५ |

## अन्तरिम योजनामा हुने सरकारी क्षेत्रको स्थिर पूँजी लगानी (२०६३/६४ को स्थिर मूल्यमा)

(रू. करोडमा)

| क्षेत्रहरू | सरकारी क्षेत्र | | कुल जम्मा | | कुल लगानीमा सरकारी लगानीको हिस्सा |
|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | |
| कृषि, मत्स्य पालन र वन | २१५८.६ | १२.३२ | ७१६६.९ | १२.२ | ३०.१२ |
| उद्योग तथा खानी | १५६.९ | ०.९ | ४६८७.६ | ७.९८ | ३.३५ |
| विद्युत, ग्याँस तथा पानी | ३३२५.४ | १८.९७ | ५७४४ | ९.७७ | ५७.८९ |
| निर्माण | ० | ० | १८६२.५ | ३.१७ | ०.०० |
| थोक तथा खुद्रा व्यापार | ७०.१ | ०.४ | ५५१३.३ | ९.३८ | १.२७ |
| होटेल तथा रेष्टुरेण्ट | १११.८ | ०.६४ | १४६२.८ | २.४९ | ७.६४ |
| यातायात, भण्डारण तथा सञ्चार | ४५६९.३ | २६.०७ | १४६०९.५ | २४.८६ | ३१.२८ |
| वित्तीय मध्यस्थता | २८३.४ | १.६२ | २०४१.७ | ३.७४ | १३.८८ |
| घर जग्गा, वहाल तथा व्यापारिक क्रियाकलाप | ० | ० | ६६६७ | ११.३४ | ०.०० |
| सामान्य प्रशासन तथा रक्षा | ५५७.२ | ३.१८ | ५५७.२ | ०.९५ | १००.०० |
| शिक्षा | १४४०.५ | ८.२२ | २६५३.३ | ४.५१ | ५४.२९ |
| स्वास्थ्य तथा सामाजिक कार्य | १२८२.५ | ७.३२ | १५८२.५ | २.६९ | ८१.०४ |
| अन्य सामुदायिक, सामाजिक र व्यक्तिगत सेवाका क्रियाकलाप | ३५७२.४ | २०.३८ | ४२१९.२ | ७.१८ | ८४.६७ |
| कुल स्थिर पूँजी निर्माण | १७५२८.१ | १०० | ५८७६७.५ | १०० | २९.८३ |

# अन्तरिम योजनामा हुने कुल स्थिर पूँजी निर्माण र स्रोतहरू
## (आ.व. २०६३/६४ को स्थिर मूल्यमा)

*(रू. करोडमा)*

| क्षेत्रहरू | रकम | प्रतिशत |
|---|---|---|
| कुल लगानी (मौज्दात परिवर्तन समेत) | ६९०७५ | |
| कुल स्थिर पूँजी लगानी | ५८७६७.६ | १०० |
| निजी क्षेत्र | ४१२३९.३ | (७०.१७) |
| सरकारी क्षेत्र | १७५२८.३ | (२९.८३) |
| कुल साधन | ६९०७५ | १०० |
| (क) राष्ट्रिय वचत | ५५७२०.२९ | (८०.६७) |
| (ख) वैदेशिक सहायता | १३३५४.७० | (१९.३३) |

# अन्तरिम योजनाको सरकारी वित्त (कुल गार्हस्थ उत्पादनको अनुपातमा)

| क्षेत्रहरू | आ.व. २०६३/६४ | अन्तरिम योजनाको अन्तिम वर्ष (आ.व. २०६६/६७) |
|---|---|---|
| राजस्व | १२.२२ | १३.४० |
| कुल खर्च | १९.५९ | २०.५६ |
| चालु खर्च | १२.२३ | १०.९५ |
| पूँजीगत खर्च | ५.३१ | ७.८० |
| सावाँ भुक्तानी | २.०४ | १.८१ |
| वैदेशिक सहायता | ४.७५ | ५.८५ |
| अनुदान | २.६७ | ३.४५ |
| ऋण | २.०८ | २.४० |
| आन्तरिक ऋण | २.६२ | १.३१ |

## *अन्तरिम योजनाका समष्टिगत आर्थिक नीतिहरू*

यस योजनाको समष्टिगत नीतिको प्रमुख उद्देश्य समावेशी, दिगो आर्थिक वृद्धिदर हासिल गर्नु र समष्टिगत आर्थिक स्थायित्व कायम गर्नु रहेको छ ।

**बचत**

- घरपरिवार, व्यावसायिक संस्थाहरू, सरकारी संस्थानहरू तथा गैर सरकारी संस्थाहरू सवैको वचत गर्ने क्षमता वृद्धि र वचत गर्नसक्ने अनुकुल वातावरण बनाइ उपभोग आचरण, सार्वजनिक खर्च व्यवस्थापन तथा निजी उद्यमीहरूको व्यवसायिक संस्कृतिमा सुधार गर्न बिशेष कार्यक्रमहरू ल्याइनेछन् ।
- साधारण वचतकर्ताहरूलाई वैंक तथा वित्तीय संस्थासम्म सहज पहुँच हुन सक्ने वातावरण बनाइ बचतकर्ताले पाउने व्याजदरलाई सकारात्मक बनाउन प्रयास गरिनेछ ।
- सम्भाव्य लगानीका क्षेत्रहरूमा गार्हस्थ र राष्ट्रिय वचतको परिचालन गर्न प्रेरित गरिनेछ ।

## राजस्व

- कर प्रणाली र कानुन पुनरावलोकन गरी राजस्व सङ्कलन, परिचालनको व्यवस्था पारदर्शी, तथा सरल बनाइनेछ ।
- मूल्य अभिवृद्धि करलाई राजस्व सङ्कलनको मूल आधारको रूपमा स्थापित गरिनेछ ।
- विश्व व्यापार संगठन तथा साफ्टा जस्ता अर्न्तराष्ट्रिय एवं क्षेत्रीय संगठनहरूसित नेपालले गरेको प्रतिवद्धता अनुरूप भन्सार दर र अन्य कर प्रणाली अपनाइनेछ ।

# सरकारी खर्च व्यवस्थापन

- समष्टिगत आर्थिक स्थायित्व कायम गर्न सहयोग पुऱ्याउने गरी सरकारी खर्चको कुशलतामा वृद्धि गर्ने, वित्तीय पद्धतिलाई सुदृढ गर्दै लग्ने र वित्त अनुशासन कायम गर्नेतर्फ थप प्रयत्न गरिनेछ। चालू तथा पूँजीगत खर्चको बीचको असन्तुलन कम गर्नेतर्फ थप उपायहरू अवलम्वन गरिनेछ।
- मध्यमकालीन खर्च संरचना अनुसार विकास आयोजना र कार्यक्रमहरूको प्राथमिकीकरण गर्ने, वजेटको सुनिश्चितता कायम गर्ने र उपलब्धिका आधारमा मात्र बजेट निकासा दिने व्यवस्थालाई निरन्तरता दिइनेछ। विद्यमान बजेट निकासा प्रणालीलाई पुनरावलोकन गरी सुधार गरिनेछ।
- लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत गरिनेछ।

## (क) वैदेशिक सहायता व्यवस्थापन

- प्राथमिकीकरणको आधारमा वैदेशिक सहायताको उपयोग गरिनेछ। साथै वैदेशिक सहायताबाट संचालित विकास कार्यक्रम/आयोजनाहरूको प्रभावकारी एवं दक्षतापूर्ण व्यवस्थापनमा जोड दिइनेछ।
- वैदेशिक सहायताको अत्युत्तम व्यवस्थापनको लागि दातृ निकायहरूबीच समन्वय र साझेदारी संयन्त्रको विकास गरिनेछ। मुलुकमा उपलब्ध सबै प्रकारका वैदेशिक सहायतालाई राष्ट्रिय बजेटमा प्रतिविम्बित गराउनुका साथै वैदेशिक सहयोगको उपयोगमा दोहोरोपन हटाउन सहयोगका क्षेत्रको नक्साङ्कन गरिनेछ।
- पुन:निर्माण, पुन:संरचना, पुनर्स्थापना र पुन:एकीकरणमा वैदेशिक सहायता परिचालन गरिनेछ।

## (ख) सार्वजनिक ऋण व्यवस्थापन

- आन्तरिक ऋणलाई कुल गार्हस्थ्य उत्पादनको वान्छित सीमाभित्र कायम राखिनेछ ।
- निजी क्षेत्रलाई आर्थिक क्रियाकलापमा बढी सक्रिय बनाई सरकारी लगानी न्यून गर्दै लगिनेछ ।

# मुद्रा, बैंकिङ्ग तथा कर्जा

- बैंक तथा वित्तीय संस्थाहरू, सहकारी संस्थाहरू र लघु वित्त संस्थाहरूको सञ्जाल विकास गरी ग्रामीण क्षेत्रका जनताको पहुँच बढाइनेछ।
- सरकारी क्षेत्रमा रहेका ग्रामीण विकास बैंकहरूको शेयर क्रमशः निजी क्षेत्रलाई हस्तान्तरण गरिनेछ।
- लघुवित्त कार्यक्रमहरू गैरसरकारी संस्था र निजी क्षेत्रबाट संचालन गरी ग्रामीण क्षेत्रका साना तथा सीमान्त कृषक, व्यवसायी र विपन्न परिवारहरूको आय वृद्धि गर्ने संयन्त्रको विकास गरिनेछ।
- वाणिज्य बैंक/वित्तीय संस्थाहरूको अधिक तरलतालाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण तयार गरिनेछ।

- केन्द्रीय बैंकले गर्ने गरेको बैंक तथा वित्तीय संस्थाहरूको निरीक्षण तथा सुपरिवेक्षण कार्य गर्न एक स्वतन्त्र बैंक तथा वित्तीय संस्था निरीक्षण तथा सुपरिवेक्षण संस्था स्थापनाको सम्भाव्यता अध्ययन गरिनेछ ।
- ऋण असुली प्रकृयालाई प्रभावकारी बनाइनेछ ।

## पूँजी बजार, सम्झौतीत बचत तथा लगानी र वीमा

- धितोपत्र कारोवार व्यवस्थाको आधुनिकीकरण गर्ने, व्यवसायको स्तर अभिवृद्धि तथा समष्टिगत आर्थिक नीति धितोपत्र बजार अनुकुल बनाउनुका साथै सूचना प्रवाहको स्तरमा सुधार गरी बजारको पारदर्शिता अभिवृद्धि गरिनेछ ।
- वीमितको हित संरक्षण सुनिश्चित गर्न विश्वसनीय संयन्त्रहरूको विकास गर्दै दुर्गम ग्रामीण क्षेत्र तथा न्यून आयवर्ग लगायत समाजका सवै तहसम्म वीमा सेवाको पहुंच पुर्‍याइनेछ ।
- संगठित संस्थाहरूलाई आफ्नो पूंजी संरचना निर्माण गर्दा डिवेन्चर पूंजी समावेश गर्न प्रोत्साहित गरिनेछ ।
- विप्रेषणलाई उत्पादनशील क्षेत्रतर्फ लगानी गर्न वातावरण तयार गरिनेछ ।

# सरकारी लगानी विनिवेश नीति

- घाटामा गएका संस्थानहरूको अवस्थानुसार निजीकरण वा बन्द गर्ने प्रक्रिया अवलम्बन गर्नुका साथै सरकारी संस्थानहरूलाई पुनःसंरचना र स्वायत्तता प्रदान गरी व्यावसायिक सिद्धान्तको आधारमा सञ्चालन गर्ने ।
- राष्ट्रिय प्राथमिकताप्राप्त क्षेत्रहरूभित्र पर्ने सम्भाव्य संस्थानमा विदेशी लगानीलाई प्रोत्साहित गर्ने ।
- निजी क्षेत्र संलग्न भएका प्रतिष्ठानहरूमा विगतका सम्पूर्ण सरकारी लगानी विनिवेश गर्ने ।

# विदेशी लगानी

- नेपालीहरूसंग संयुक्त लगानी गर्न इच्छुक विदेशी व्यक्ति तथा संस्थाहरूलाई व्यापारिक तथा अन्य आर्थिक विकाससंग सम्बन्धित क्षेत्रमा लगानी गर्न आकर्षित गरिनेछ। आन्तरिक स्रोतलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ।
- गैर आवासीय नेपालीहरूको पूँजी लगानीका लागि प्रभावकारी नीति अवलम्बन गरिनेछ।
- निजी क्षेत्रलाई राष्ट्रिय प्राथमिकताका निश्चित क्षेत्रमा अन्तर्राष्ट्रिय पूँजी बजारबाट ऋण लिन पाउने परिवेश तयार गरिनेछ।

## विदेशी विनिमय र शोधनान्तर

- निर्यात व्यापार बढाउन, वैदेशिक लगानी आकर्षित गर्न, आयातलाई प्रतिस्पर्धात्मक तुल्याउन, चालु खाता घाटालाई कुल गार्हस्थ उत्पादनको निश्चित प्रतिशत भन्दा अधिक हुन नदिन तथा आर्थिक आधार वलियो वनाउन मद्दत पुग्ने गरी प्रभावकारी यथार्थ विनिमय दर कायम गरिनेछ।
- विप्रेषण सुरक्षित रूपमा नेपाल भित्रन सक्ने थप संस्थागत व्यवस्था गरिनेछ।

# धन्यवाद